राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २०६ | २०८२ चैत्र २७ गते शुक्रवार | (Friday, 10 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## जनअपेक्षा ठूलो, उपलब्धि शून्य

# चार वर्ष बित्दा पनि निष्प्रभावी मधेश जनलोकपाल आयोग




**शैलेन्द्र महतो**

*जनकपुरधाम, चैत्र २६ गते ।*

मंगलबार दिउँसो सवा १ बजे जनलोकपाल आयोग अगाडि दुई जना कार्यालय सहयोगी मोबाइल खेलाएर बसिरहेका थिए । भित्र साँघुरो कक्षमा एक अधिकृतसहित अन्य कर्मचारीहरू थिए । काम के भइरहेको छ ? भन्ने जिज्ञासामा एक कर्मचारीले जवाफ दिए, 'खै के भइरहेको भन्नु । हामी कर्मचारी आउने, बस्ने र जाने । कहिलेकाहीँ कुनै उजुरी आयो भने अलिअलि काम हुन्छ, नत्र त्यत्तिकै फर्किनुपर्छ ।'

काम नहुँदा कार्यालय आउने, दिनभर बस्ने, समय सकिएपछि फर्किने जनलोकपाल आयोगका अध्यक्ष रामसहाय प्रसाद यादवसहितका कर्मचारीको दैनिकी नै बनेको छ ।

३३ कर्मचारीको दरबन्दी रहेको आयोगमा हाल कायम मुकायमसहित १३ जना कर्मचारी कार्यरत छन् । कार्यालयमा अहिले २ जना उपसचिव, ३ जना शाखा अधिकृत, १ जना कानुन अधिकृत, १ जना सह-लेखापाल, १ जना प्रशासन पाँचौं तह (सुब्बा), ५ जना कार्यालय सहयोगी र १ जना सवारी चालक रहेका छन् ।

जनलोकपाल आयोग मधेश प्रदेश सरकारको शक्तिशाली निकायको रूपमा स्थापना गरिएको संस्था हो । प्रदेशमा भ्रष्टाचार नियन्त्रण, मितव्ययिता तथा आर्थिक सुशासन कायम गर्ने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तै शक्तिशाली निकायका रूपमा तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले जनलोकपाल आयोग गठन गरेका थिए ।

प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार २२ भदौ २०७८ मा अध्यक्षसहित तीन सदस्यीय आयोग गठन भएको साढे चार वर्ष भइसकेको छ । तर यस अवधिमा आयोगको काम-कारबाही र प्रभावकारिता भने शून्य जस्तै छ ।

प्रदेश जनलोकपाल आयोगको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमा चार वर्षमा भ्रष्टाचार तथा अनियमिततासम्बन्धी ५६ वटा उजुरी परेको उल्लेख छ । चालु आर्थिक वर्षमा मात्रै १० वटा उजुरी परेको कार्यालयले जनाएको छ । तर परेका उजुरीमाथि अनुसन्धान भए पनि अहिलेसम्म ठोस कारबाही भएको छैन ।

आयोगका सूचना अधिकारी प्रशन्नराज कर्णका अनुसार आयोगमा प्राप्त उजुरीहरूमाथि अनुसन्धान तथा तहकिकात हुने र सुशासनसम्बन्धी विषयमा कर्मचारीहरूलाई सचेत गराउने काम भइरहेको छ। अनुसन्धानका क्रममा भ्रष्टाचार देखिएका उजुरीहरूको फाइल भने अख्तियारमा पठाउने गरिएको उनले बताए ।

कर्णका अनुसार हालसम्म १५ वटा अनियमिततासम्बन्धी उजुरीमा अनुसन्धान सम्पन्न गरी कारबाहीका लागि फाइल अख्तियारमा पठाइएको छ । 'उजुरी अहिले पनि पर्छन् । उजुरीपछि छानबिन हुन्छ, बयान लिइन्छ, फिल्डमा पुगेर निरीक्षण पनि गरिन्छ,' उनले भने, 'अहिलेसम्म आयोगको अधिकार भित्र रहेर १५ वटा मुद्दा टुंग्याएका छौं । अनुसन्धान गरिएका फाइलहरू अख्तियार पठाएका छौं ।'

जनलोकपाल आयोग शक्तिशाली निकाय भए पनि यससँग प्रत्यक्ष कारबाही गर्ने अधिकार छैन । जनलोकपाल ऐनअनुसार अनुसन्धानमा अनियमितता भेटिएमा कारबाहीका लागि फाइल अख्तियारमा पठाउने व्यवस्था छ ।

अख्तियारमा पुगेका ती अनुसन्धान फाइलमाथि हालसम्म खासै सुनुवाइ भएको देखिँदैन । अख्तियार दुरुपयोग अनुसन्धान केन्द्रीय कार्यालय टंगालका सहप्रवक्ता तथा सूचना अधिकारी गणेशबहादुर शाहीले ती फाइलको बारेमा आफूलाई जानकारी नरहेको बताए ।

यद्यपि, अख्तियारले अनियमितताजन्य सूचना जहाँबाट प्राप्त भए पनि त्यसबारे अनुसन्धान

- बाँकी पृष्ठ ३ मा

# सामाजिक विकासमा उत्कृष्ट मटिहानी



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, चैत्र २६ गते ।*

महोत्तरीको मटिहानी नगरपालिका सामाजिक विकास क्षेत्रमा उत्कृष्ट पालिकाको रुपमा सम्मानित भएको छ । नेपाल नगरपालिका संघको ३३औं वार्षिक उत्सवको अवसरमा मटिहानी नगरपालिकालाई सामाजिक विकास क्षेत्रमा उत्कृष्ट कार्य गरेको भन्दै सामाजिक विकास तर्फ उत्कृष्ट नगरपालिका सम्मानबाट सम्मानित गरिएको हो । काठमाडौंमा आयोजित संघको वार्षिक उत्सव विशेष समारोहमा प्रतिनिधि सभाका सभामुख डोल प्रसाद अर्यालले मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डललाई उक्त सम्मान प्रदान गरेका हुन् । कार्यक्रममा संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले मटिहानी नगरपालिकाले शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, बाल अधिकार संरक्षण तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्रभावकारी काम गरेकोले उक्त सम्मान प्रदान गरिएको बताए । उनले स्थानीय तहले समुदायमै केन्द्रित सेवा र कार्यक्रम मार्फत उल्लेखनीय उपलब्धि हासिल गरेको उल्लेख गरे । संघले देशभरका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका गरी २९३ स्थानीय तहहरूमध्ये विभिन्न पाँच विधामा उत्कृष्ट कार्य गर्ने ७ वटा पालिकाहरूलाई यस वर्ष पुरस्कृत गरेको हो ।

# पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि

**गौशाला :** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा निगमलाई ठूलो घाटा भइरहेकाले नयाँ मूल्य समायोजन गरिएको जनाइएको छ ।

नयाँ मूल्यअनुसार पेट्रोलमा प्रति लिटर १७ रुपैयाँ र डिजेल/मट्टितेलमा २५ रुपैयाँ वृद्धि गरिएको छ। अब पेट्रोलको मूल्य विभिन्न क्षेत्रमा २१६.५० देखि २१९ रुपैयाँसम्म पुगेको छ भने डिजेल/मट्टितेल २०४.५० देखि २०७ रुपैयाँसम्म कायम गरिएको छ ।

यस्तै, एल.पि. ग्यासमा प्रति सिलिण्डर रु.१०० र हवाई इन्धन आन्तरिक तर्फ रु.६।०० ले वृद्धि गरिएको निगमले जनाएको छ । अब १४.२ केजी ग्यासको मूल्य २०१० रुपैयाँ पुगेको छ ।

# श्रममन्त्री दिपक साह पदमुक्त

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, चैत्र २६ गते ।*



प्रधानमन्त्री बालेन शाहले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दिपककुमार साहलाई बिहीबार पदमुक्त गरेका छन् । प्रधानमन्त्री शाहले रास्वपाको सिफारिसअनुसार बिहीबार साहलाई मन्त्री पदबाट हटाउने निर्णय गरेका हुन् ।

रास्वपा सभापति रवि लामिछानेले बिहीबार नै श्रममन्त्री साहले मन्त्री पदमा बहाल रहँदा पदीय मर्यादाको दुरुपयोग गरी श्रीमतीलाई लामो समयदेखि निष्क्रिय रहेको स्वास्थ्य बीमा बोर्डको सदस्यका रूपमा नियमित कार्यमा संलग्न गराएको भन्दै कारबाहीका लागि प्रधानमन्त्रीसमक्ष सिफारिस गरेका थिए ।

यसअघि बुधबार नै रास्वपाको केन्द्रीय अनुशासन आयोगले यस विषयमा विस्तृत अध्ययन गरी साहलाई कारबाही गर्नुपर्ने प्रतिवेदन पार्टीसमक्ष पेस गरेको थियो । मन्त्री साहको यस्तो गतिविधिबाट पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामा गम्भीर आँच पुग्ने देखिएको निष्कर्षसहित

- बाँकी पृष्ठ ३ मा

**पिनासका लक्षणहरु :**

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- बिहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाबाट बाक्लो पहेंलो सिंगान बग्नु
- थकान महसुस हुन, टाउको भारी र शरीर आलस्य हुनु आदी ।

**लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# बिचौलिया नियन्त्रण र सेवा सहजीकरणबीच सन्तुलन आवश्यक

सरकारले सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र सेवाग्राहीमैत्री बनाउने उद्देश्यले थालेको बिचौलिया नियन्त्रण अभियान निश्चय नै सकारात्मक पहल हो । विशेषतः मधेस प्रदेशका धनुषा, महोत्तरी, पर्सा लगायत जिल्लामा बिचौलिया पक्राउ परेका घटनाले प्रशासनिक सुधारप्रति सरकार गम्भीर देखिएको संकेत दिएको छ । यसले सरकारी कार्यालयमा अनुशासन बढेको र सेवाग्राहीले अपेक्षाकृत सहज अनुभव गर्न थालेको तथ्य पनि देखापरेको छ । सुशासनतर्फको यो प्रयास प्रशंसनीय छ । तर, यसै सन्दर्भमा एउटा महत्वपूर्ण प्रश्न उठेको छ- के बिचौलिया नियन्त्रणको नाममा इजाजत प्राप्त लेखापढी व्यवसायीलाई काम गर्नबाट रोक्नु न्यायोचित हो ? सबैलाई एउटै घानमा हालेर 'बिचौलिया' को संज्ञा दिनु न त कानुनी रूपमा उचित छ, न त सामाजिक रूपमा न्यायसंगत । प्रत्येक नागरिकलाई आृनो सीप र पेशाअनुसार रोजगारी गर्ने अधिकार संविधानले सुनिश्चित गरेको छ । त्यसैले, कसैको जीविकोपार्जनमा अनावश्यक हस्तक्षेप गर्नु राज्यको कर्तव्यसँग मेल खाँदैन ।

वास्तवमा, मालपोत तथा नापी कार्यालयका सेवा–जस्तै रजिस्ट्रेसन, अंशबन्डा, लिखत तयार गर्ने कार्य-सामान्य नागरिकका लागि जटिल र प्राविधिक प्रकृतिका हुन्छन् । यस्ता काममा सहजीकरण गर्ने भूमिका लेखापढी व्यवसायीले निर्वाह गर्दै आएका छन् । उनीहरूको सेवा पूर्णतः अस्वीकार गर्नु व्यवहारिक समाधान होइन । बरु, उनीहरूको भूमिकालाई व्यवस्थित, पारदर्शी र सीमित दायराभित्र राखेर उपयोग गर्नु बुद्धिमानी हुनेछ । विश्वका विकसित मुलुकहरूमा समेत राज्यका कतिपय सेवामा निजी क्षेत्रको सहकार्य स्वीकृत अभ्यास हो । पासपोर्ट आवेदनदेखि भिसा प्रक्रियासम्म निजी सेवा प्रदायकको भूमिका देखिन्छ । यसले सेवा प्रवाहलाई थप व्यवस्थित र पहुँचयोग्य बनाएको छ । नेपालमा पनि यस्तै अभ्यासलाई सन्तुलित ढंगले अवलम्बन गर्न सकिन्छ ।

समस्या बिचौलियाको अस्तित्वमा मात्र छैन, सेवा प्रवाहको जटिलता, ढिलासुस्ती र अपारदर्शितामा पनि छ । यदि सरकारी कार्यालय आफैं सरल, स्पष्ट र उत्तरदायी बन्न सके, सेवाग्राहीले अनावश्यक रूपमा बाह्य सहयोग लिनुपर्ने अवस्था स्वतः घट्छ । त्यसका लागि प्रक्रियाको सरलीकरण, डिजिटल प्रणालीको विस्तार र कर्मचारीको व्यवहार सुधार अपरिहार्य छन् । त्यसैले, सरकारको प्राथमिकता बिचौलिया नियन्त्रणसँगै सेवा प्रणालीको सुधारमा केन्द्रित हुनुपर्छ । इजाजतप्राप्त सेवा प्रदायकलाई नियमन गरी सहकार्यको मोडेल विकास गर्न सकिन्छ । यसले सेवाग्राहीलाई सहजता दिने मात्र होइन, अनौपचारिक र गैरकानुनी बिचौलियालाई स्वतः निरुत्साहित गर्नेछ । नयाँ सरकारले सुशासनको अनुभूति दिलाउने क्रममा सबै पक्षको हितलाई सन्तुलित ढंगले समेट्नुपर्छ । नियन्त्रण होइन, व्यवस्थापन र सहकार्यको मार्ग नै दिगो समाधान हो ।

## राशिफल

मेष - सुधार गर्ने मौका छ ।
वृष - समय निकै फलदायी रहनेछ ।
मिथुन - लक्ष्यमा पुग्न सकिनेछ ।
कर्कट - काम सम्पादन हुनेछ ।
सिंह - विशेष अवसर प्राप्त हुनेछ ।
कन्या - स्वास्थ्यमा ध्यान पुर्याउनुहोला ।
तुला - आयआर्जन पनि राम्रै हुनेछ ।
वृश्चिक - उपहार प्राप्त हुनेछन् ।
धनु - धन र श्रम खर्चनुपर्ला ।
मकर - प्रतिफल प्राप्त हुनेछ ।
कुम्भ - आवश्यकता पूरा हुनेछन् ।
मिन - काममा प्रवृत्त गराउनेछ।

# अलमलिएका कम्युनिस्ट अब हिंड्नुपर्ने बाटो

■ अरुण बराल




जब कुनै मान्छे कता जाने र के गर्ने भन्नेमै अल्मलिन्छ, त्यहींनेरबाट शून्यता शुरु हुन्छ । नेपालका कम्युनिस्ट पार्टीहरू फागुन २१ को निर्वाचनपछि शून्यवादमा फसेका छन् । अब कहाँ जाने ? के गर्ने ? कम्युनिस्ट नेताहरूमा स्पष्टता छैन । अलमल छ। शून्यता छ । उनीहरूका अगाडि कहालीलाग्दो 'ब्ल्याकहोल' छ ।

केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले आफ्ना अध्यक्षको रिहाइका लागि आन्दोलन गर्ने भनिरहेको छ। तर, अदालतले म्याद थप गरेपछि यो विषय 'सब-जुडिस' बनिसकेको छ । अदालतले टुङ्गो लगाउनुपर्ने विषयमा आन्दोलन गर्दा त्यसको नैतिक धरातल कमजोर हुन्छ भन्ने तथ्य विगतमा रवि लामिछानेको गिरफ्तारीकै बेला स्पष्ट भइसकेको हो । त्यसबेला रास्वपाले अदालत विरुद्ध आन्दोलन गर्न खोजेको थियो तर पछि हट्यो ।

ओलीको गिरफ्तारीको विरोध गर्नु 'प्रतिक्रियात्मक राजनीति' हो । आफ्ना अध्यक्षलाई समाउँदा उनको पक्षमा आवाज उठाउनु स्वाभाविकै पनि होला । तर, अब एमाले नेताहरूले फाल्गुन २१ पछिको नयाँ परिस्थितिमा आफैंले गर्ने काम र कार्ययोजना चाहिं के हो ? एमालेको आगामी कार्यक्रम के हो ? कम्तीमा आगामी पाँच वर्षसम्म एमाले के गर्छ ? उसले आफ्ना कार्यकर्तालाई के 'बिजनेस' दिन्छ ? योचाहिं एमालेको अस्तित्व रक्षाका लागि महत्वपूर्ण र अहम् प्रश्न हो ।

प्रचण्डले नेतृत्व गरेको नेकपा पनि अहिले थिलथिलो अवस्थामा छ । माधवकुमार नेपालहरूसँगको पार्टी एकतापछि 'माओवादी' भन्ने नाम हटेको छ। फागुन २१ को चुनावमा खराब नतिजा आएपछि यो पार्टीमा माथिदेखि तलसम्म निराशाको बादल मडारिएको छ । पार्टी कार्यकर्ताहरू निराश मात्र होइन, बेरोजगार पनि छन् । नेताहरू किंकर्तव्यविमूढ छन् । सीपी गजुरेल, जनार्दन शर्मा, राम कार्की आदिको 'विद्रोह'ले प्रचण्डको धर्नासो छिनेको अवस्था छ ।

ठूला भनिएका ओली र प्रचण्डकै पार्टीको त यस्तो हविगत छ भने अरू सानातिना कम्युनिस्टहरूको सङ्कटको के कुरा गर्ने। मोहन वैद्यको क्रान्तिकारी पार्टी, चित्रबहादुर केसीको जनमोर्चा, बाबुराम भट्टराई र जनार्दन शर्माहरूको प्रलोपा, नारायणमान बिजुक्छेको नेमकिपा, नेत्रविक्रम चन्द (विप्लव) को सानो नेकपादेखि लिएर अनेकन् चोइटामा विभक्त वाम समूहहरू आ-आफ्नै दुःखमा छन् ।

**आपसमा कहिल्यै नमिल्ने जात**

सभ्य व्यक्ति तिनलाई मानिन्छ, जसको विचार फरक भए तापनि व्यक्तिगत सम्बन्ध चाहिं सुमधुर रहन्छ । तर, नेपालका कम्युनिस्टहरूमा ठिक उल्टो नियम लागू हुन्छ । कम्युनिस्ट नेताहरूको विचार एउटै छ तर आपसमा मिल्नै सक्दैनन् । मिले भने पनि एकअर्काविरुद्ध षड्यन्त्र गर्न थालिहाल्छन् ।

कम्युनिस्टहरूमा आपसमा कहिल्यै नमिल्ने 'जातिप्रथा' छ । एउटाले अर्कोलाई दक्षिणपन्थी, संशोधनवादी, उग्रपन्थी, मध्यपन्थी, भारतपरस्त, जडसूत्रवादी, कठमुल्लावादी, लिनप्याओवादी आदि-इत्यादि विभिन्न जातका आरोप लगाउने पुरानै रोग छ । फरक विचारको बहानामा अलग्गै चुलो बसाएर 'स्वयंपाक्य' बन्नु कम्युनिस्टहरूको खानदानी प्रथा-परम्परा हो ।

सीपी मैनालीको बेग्लै चुलो छ । ऋषि कट्टेलको अर्कै चुलो छ । मोहनविक्रम र मोहन वैद्यका बेग्लाबेग्लै चुलो-चौको छन् । विप्लवसँग छुटेर धर्मेन्द्र बास्तोलाले 'नेकपा बहुमत' नामको अर्कै चुलो ठड्याएका छन् । घनश्याम भुसाल, राम कार्की र जनार्दन शर्माहरूको पनि एकै ठाउँमा भात-भान्सा चल्दैन । सुदन किराती अर्कै चुलोमा भात पकाउने तयारीमा छन् ।

आहुतिले अलग्गै चुलो बसाएका छन् । बाबुराम भट्टराईको आफ्नै चुलो छ तथापि उनलाई आफ्नो चुलोमा भन्दा पनि 'पपुलिस्टहरू'को चुलोमा पाकेको खाना मन पर्न थालेको छ, उतैतिर नमस्कार गर्दै हिंडिरहेका छन् । एमालेभित्र ओली र विद्यादेवी भण्डारी समूह बीच पानी बाराबार बढ्दै गएको छ । प्रचण्ड र ओली बीचमा त झन् छुवाछूतकै स्थिति छ । माधवकुमार नेपालको नाम लिंदा ओलीलाई कुल्ला गर्न मन लाग्छ । झलनाथ खनालको पनि लाइन अर्कै छ ।

कथित 'वैचारिक मतभेद'को रातो जामा लगाएर डफली बजाइरहेका यी कम्युनिस्ट पार्टीका नेताहरू न आपसमा मिल्न सक्छन्, न त एक्लै अगाडि बढ्न । यिनीहरूको अवस्था गुणरत्नमालाको श्लोक जस्तै बनेको छ- आधा देह छ सर्पले निलिएको त्यो भ्यागुतो तैपनि, झिंगा निल्दछ साासले खिची-खिची आनन्द भोगौं भनि ।

आखिर, कम्युनिस्टको लाल जामा लगाएका नेपालका यी नेताहरूले किन एकै ठाउँमा बसेर जनताको सेवा गर्न नसकेका होलान् ? सबैभन्दा पहिले हल गर्नुपर्ने मनोवैज्ञानिक प्रश्न नै यही हो । तर, हल गर्न सकिने प्रश्न होइन । अर्थात्, नेपालका कम्युनिस्ट नेताहरूको भवितव्य नै यही हो- आपसमा मिल्दै नमिल्ने । विचार र व्यवहारमा फरक नदेखिए पनि व्यक्तिगत सम्बन्ध अत्यन्तै खराब रहने । एकापसमा छिःछिः, दुर्दुर गरिरहने ।

**वैचारिक शून्यता, सांस्कृतिक विचलन**

एमाले, माओवादी, नेकपा वा जुनसुकै नाममा रहेका भए तापनि नेपालका सबै कम्युनिस्ट पार्टीहरूमा अहिले देखिएको साझा समस्या हो वैचारिक शून्यता । अर्थात्- अब के गर्ने भन्ने बाटोको विषयमा देखिएको गम्भीर अलमल र रिक्तता ।

नेकपा एमालेका नेताहरूमा अझैसम्म दम्भ यथावत् छ । पार्टीभित्रैका नेताहरू बीच वैमनस्य बढेको छ । मदन भण्डारीले अघि सारेको जबज भात खाँदा आचमनी गर्ने मन्त्र जस्तो मात्रै बनेको छ, व्यवहारमा स्टालिनपथ र सामन्ती शैली हावी छ । माओवादीका नेताहरू जनताबाट पूर्ण रूपमा कटेको अवस्थामा छन् ।

पार्टी नेताहरूको जीवनशैली भ्रष्ट एवं 'दलाल'हरूको जस्तै बनेको अवस्था छ । परिवारवाद, गुट र कृपावादले पार्टी अस्तव्यस्त छ । महिला हिंसाको बात लागेका मान्छेलाई च्याप्ने प्रवृत्ति बढेको छ । आलोचना गर्ने नेता-कार्यकर्तालाई खाँगोले झैं पानीखेदो गर्ने संस्कार शीर्ष भनिएका नेताहरूमा व्याप्त छ। बिचौलियाहरूसँगको उठबसका कारण कतिखेर जेल जानुपर्ने हो, ठेगान छैन । आफ्ना मित्रहरूलाई बिर्सने र ठूल्ठूला बिचौलियासँग सहवास गर्ने प्रवृत्तिले जरा गाडेको छ । सहकारी पीडितको पक्षमा नबोल्ने, तर ठगहरूको पक्षमा वकालत गर्ने वर्गविरोधी चरित्र उदाङ्गो बनेको छ ।

सारमा भन्नुपर्दा नेपालका कम्युनिस्ट नेताहरू विचारले शून्य मात्र बनेका छैनन्, व्यवहारमा पनि भ्रष्ट बन्दै गएका छन् । न विचार छ, न व्यवहार। न त अगाडि जाने ठोस कार्यक्रम नै छ । छ त केवल शून्यता मात्रै ।

हो, इतिहासमा यी वामपन्थी नेताहरूले देशलाई योगदान नगरेका होइनन् । तर, अब इतिहासको ब्याजले मात्रै देश अगाडि बढ्दैन । अब के गर्ने ? यसको जवाफ नखोजी इतिहासको बखान गरेर मात्र अब जनताले पत्याउनेवाला छैनन् ।

**अब के गर्ने त ?**

आगामी दिनमा के गर्ने त ? अब यसबारे नेपालका वामपन्थीहरूलाई एउटा छोटो सुझाव दिऔं ।

**एक-** बालेन सरकारले २०४६ पछिका नेताहरूको सम्पत्ति जाँचबुझ गर्ने भनिरहेको छ । सुशासनका लागि बिचौलिया र भ्रष्टहरूमाथि कारबाही अगाडि बढाइरहेको छ । वामपन्थीहरूले त्यसमा सहयोग गर्नुपर्छ । रास्वपा नजिकका व्यक्तिलाई जोगाउने र चयनात्मक अभियोजन लगाउने प्रयास भयो भने त्यसमाथि खबरदारी गर्नुपर्छ ।

पिलो निचोरेर फाल्दा शरीरको वजन घट्दैन, त्यसैले कम्युनिस्ट नेता-कार्यकर्ताहरू नै भ्रष्ट ठहरिए भने तिनलाई बोक्नुहुँदैन, ठोक्नुपर्छ । दूधबाट झिंगा निकाले जसरी भ्रष्टहरूलाई पार्टीबाट निकाल्नुपर्छ । बहुविवाह, महिला हिंसा लगायत विवादमा मुछिएका व्यक्तिलाई बचाउनुहुँदैन । सुशासनका लागि चालिएको अभियानमा वामपन्थीले साथ दिनुपर्छ । न्यायको पक्षमा उभिनैपर्छ ।

**दुई-** अब नेपालका वामपन्थीले छरिएर होइन, एकताबद्ध भएर अगाडि बढ्नुपर्छ । एमाले, माओवादी लगायत साना-ठूला सबै पार्टीहरूले एउटै 'सोसलिस्ट पार्टी (सोपा)' बनाए हुन्छ । कम्युनिस्ट नाम राखिराख्न आवश्यक छैन । यसका लागि दोस्रो तहका नेताहरूले आन्तरिक तयारी गरी तीन महिनाभित्रमा 'सोसलिस्ट पार्टी'को घोषणा गर्नुपर्छ । साथमा आगामी ५ वर्षमा गर्ने कामहरूको कार्ययोजना समेत सँगै सार्वजनिक गर्नुपर्छ ।

**तीन-** पुरानै नेताहरू राखेर बनाइने 'सोसलिस्ट पार्टी' चल्दैन । त्यसर्थ, एउटा 'ज्येष्ठ कम्युनिस्ट काउन्सिल' वा सल्लाहकार टाइपको प्रतिष्ठान जस्तो बनाएर ओली, विद्या, प्रचण्ड, माधव, झलनाथ, मोहनविक्रम, चित्रबहादुर, सीपी, वामदेव लगायत सबै पुराना नेताहरूलाई त्यसैमा थन्क्याउनुपर्छ र सक्रिय राजनीति छाड्न लगाउनुपर्छ । त्यहाँ बस्न नमान्नेहरूलाई व्यक्तिगत जीवन बिताउन दिइनुपर्छ । र, यो काम शंकर पोखरेल, वर्षमान पुन, जनार्दन शर्मा, घनश्याम भूसाल, योगेश भट्टराई, राम कार्की आदि

- बाँकी पृष्ठ ३ मा

# अलमलिएका कम्युनिस्ट अब हिंड्नुपर्ने...

दोस्रो तहका नेताहरूले आपसमा मिलेर गर्नुपर्छ ।

**चार-** नेपालका दोस्रो पुस्ताका कम्युनिस्ट नेताहरू असान्दर्भिक भइसकेका छन् । अब केपी ओलीको विकल्प शंकर पोखरेल-योगेश भट्टराई हुने वा प्रचण्डको विकल्प वर्षमान-जनार्दन हुने स्थिति पनि टरिसकेको छ । केही वर्ष अगाडि नै गरेको भए यसको औचित्य रहन्थ्यो तर जेनजी आन्दोलन र फागुन २१ को चुनावपछि ५५-६० कटेका नेताहरूको पनि सान्दर्भिकता सकियो । अहिले नाति पुस्ताले देश चलाइरहेको छ । त्यसर्थ, अब कम्युनिस्टहरूले पनि तेस्रो पुस्तामा गएर नेताहरू खोज्नुपर्छ । बुढो पुस्तालाई प्रतिष्ठानमा थन्क्याएपछि शंकर पोखरेलहरूले नयाँ पुस्ता खोज्नका लागि जनतामाझ जानुपर्छ । अर्थात्, यो दोस्रो पुस्ताले अब पुस्तान्तरणका लागि भरिया वा पुलको काम गर्नुपर्छ र राजनीतिबाट अवकाश लिनुपर्छ ।

**पाँच-** नेपालका कम्युनिस्टहरूसँग नेताको भीड छ । पार्टी सङ्गठनको जालो छ । तर, कार्यक्रम छैन । जनताको बीचमा के काम गर्ने हो भन्ने कुनै इलम छैन । त्यसर्थ, 'सोसलिस्ट पार्टी' बनाइरहँदा सँगसँगै नीति कार्यक्रम र कार्ययोजना पनि बनाइनुपर्छ । जसरी बालेन सरकारले १०० बुँदे कार्ययोजना ल्याएको छ, त्यसैगरी वामपन्थीहरूले पनि अब गर्ने काम के हो ? लेखेर स्पष्ट रूपमा कार्ययोजना ल्याउनुपर्छ । गोजीमा कार्ययोजना नबोकी हिंड्न हुँदैन ।

**छ-** अब वामपन्थीले बनाउने कार्ययोजना गाउँकेन्द्रित हुनुपर्छ । गाउँमा बढेको सामाजिक विकृति र विसङ्गतिको अन्त्य गर्नका लागि अभियान चलाइनुपर्छ । गाउँमा यतिबेला जाँडरक्सी, जुवातास, लुडो खेल्ने विकृति बढेको छ । पुरुषहरू काम नगर्ने र महिलामाथि घरायसी कामको भार बढ्ने गरेको छ । इलम नगर्ने र अल्छी बन्ने संस्कार व्याप्त छ । कोठेबारीमा तरकारी नरोप्ने, बजारबाट चाउचाउ किनेर खाने चलन बढेको छ । यस्ता समस्या समाधानका लागि कसैले पनि सकारात्मक सामाजिक अभियान चलाएको पाइँदैन । अब यो कामको जिम्मा वामपन्थीहरूले लिनुपर्छ ।

**सात-** रास्वपा कम्युनिस्ट विरोधी शक्ति हो । वामपन्थी विरोधी दल हो । त्यसैले रास्वपा नेतृत्वको सरकारले धनीमानीको मात्र सेवा गर्ने, सरकारको आलोचनामा बोल्नेहरूको मुख बन्द गर्ने, शहरियाहरूलाई मात्रै ध्यान दिने, गाउँका जनतालाई बेवास्ता गर्ने, भूमिहीनहरूलाई बेवास्ता गर्ने, वास्तविक विकासको काममा भन्दा पनि 'स्टन्ट'मा जोड गर्ने जस्ता कामहरू गर्ने जोखिम छ । तसर्थ, वामपन्थीहरूले गाउँका मुद्दा र भुइँ तहका उत्पीडित जनताका मुद्दा दह्रोसँग बोक्नुपर्छ। वामपन्थीहरू किसान, मजदुर र सीमान्त समुदायको साथी बन्न सक्नुपर्छ । सिंहदरबार वरिपरि घुमेर, फेसबुकमा सरकारलाई गाली गरेर मात्र अब वामपन्थीहरूको कार्यभार पूरा हुँदैन । र, यो काम ओली र प्रचण्डको गोडामुनि बसेर होइन, नयाँ 'सोसलिस्ट पार्टी' बनाएर थालनी गर्न सक्ने हो भने नेपालमा वामपन्थीहरूको पुनर्जागरण सम्भव हुनेछ; अन्यथा, ओली-प्रचण्डसँगै वाम आन्दोलन पनि सती जाने निश्चित छ ।

नेपालमा कम्युनिस्ट नेताहरू मात्रै बदनाम भएका हुन्, वामपन्थीहरूको औचित्य सकिएको होइन । जहिलेसम्म शोषण र विभेद रहन्छ, त्यहाँ वामपन्थीहरू रहन्छन् । अहिले हामीले देखिरहेका छौं, अमेरिकामा पनि ट्रम्प विरुद्ध जनताले आन्दोलन गरिरहेका छन् । अब अलिकति संसदीय मोर्चामा वामपन्थीको स्थितिबारे चर्चा गरौं । अर्थात् सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय तहको अवस्थाबारे चर्चा गरौं ।

**प्रतिनिधिसभामा वामपन्थीहरू प्रमुख प्रतिपक्षी बन्ने मौका**

संसद्को शक्ति सन्तुलनको कुरा गर्दा फाल्गुन २१ को प्रतिनिधिसभा निर्वाचनबाट रास्वपाले झन्डै दुईतिहाइ बहुमत (१८२ सिट) ल्याएर पाँच वर्षका लागि सत्तारोहण सुनिश्चित गरेको छ । नेपाली कांग्रेस ३८ सिट जितेर दोस्रो दल, अर्थात् प्रमुख प्रतिपक्ष बनेको छ । प्रतिनिधिसभामा नेकपा एमालेले २५ सिट र प्रचण्ड नेतृत्वको नेकपाले १७ सिट जितेका छन् । संसद्मा ६ वटा मात्र दल आएका छन् । श्रम संस्कृति पार्टीसँग ७ र राप्रपासँग ५ सिट छ । एउटा स्वतन्त्र सिट महावीर पुनले जितेका छन् । प्रतिनिधिसभामा एमाले र नेकपा जोड्दा कम्युनिस्टहरूको ४२ सिट छ ।

एमाले र नेकपा बीच पार्टी एकता भयो भने विपक्षी दलको नेता वामपन्थीहरूको हातमा आउनेछ । विपक्षी दलको नेता संवैधानिक परिषद्को सदस्य समेत हुने भएकाले संवैधानिक अङ्गका नियुक्तिहरूमा वामपन्थीको भूमिका रहनेछ । अन्यथा वामपन्थीहरूले सत्ताभन्दा निकै टाढा बस्नुपर्ने हुन्छ ।

प्रमुख प्रतिपक्षमा वामपन्थीहरू रहँदा सरकारलाई खबरदारी गर्न उनीहरू प्रखर बन्न सक्छन् । जनताले प्रमुख प्रतिपक्षका रूपमा कम्युनिस्टलाई सम्झनेछन् । र, कांग्रेसको पहिचान तेस्रो दलका रूपमा हुनेछ । कम्युनिस्टहरूले राम्रोसँग सरकार चलाउन नजाने पनि प्रतिपक्षको भूमिकामा भने कांग्रेसको भन्दा कम्युनिस्टहरूको उपस्थिति कडा रहने गरेको छ। अहिले वामपन्थीहरूले कम्तीमा आफूलाई प्रतिनिधिसभाको दोस्रो शक्ति बनाउने काम गरे र जनताको बीचमा प्रखर ढङ्गबाट प्रस्तुत भए भने आगामी पाँच वर्षपछिसम्म पनि नेपाली राजनीतिमा उनीहरूको सान्दर्भिकता रहन सक्छ ।

**राष्ट्रिय सभामा ठूलो दल बन्ने मौका**

माथिल्लो सदन राष्ट्रिय सभामा कांग्रेसका २४ सांसद रहँदा एमालेका एक जना मनोनीत सहित ११ सांसद छन् । प्रचण्ड नेतृत्वको नेकपासँग राष्ट्रिय सभामा सभाका अध्यक्ष बाहेक १७ सांसद छन् । लोसपाका एक जना (महन्थ ठाकुर) छन् । राष्ट्रिय जनमोर्चाबाट एक सांसद छन् । अब एउटा मनोनीत सिटमा रास्वपाका सांसद आउने सम्भावना छ ।

राष्ट्रिय सभाको कुल ५९ सिटको शक्ति सन्तुलन हेर्दा विधेयक पारित गर्न चाहिने बहुमतका लागि ३० सिट आवश्यक पर्छ। जबकि, यहाँ एमाले, नेकपा र जनमोर्चा लगायतका वामपन्थीहरू मिल्दा उनीहरूको कुल सिट २९ हुन जान्छ। जसपाका दुई जना सांसदले सघाउने हो भने राष्ट्रिय सभामावामपन्थीहरूको ३१ सिट सहित बहुमत पुग्छ।

अर्कोतर्फ, राष्ट्रिय सभामा एमाले र कांग्रेसको गठबन्धन भएमा उनीहरूको ३५ सिट पुग्ने देखिन्छ। खास मुद्दाहरूमा राष्ट्रिय सभामा वामपन्थीहरू मिल्छन् या कांग्रेससँग मिलेर आपसमा झगडा गर्छन् ? यो भविष्यले नै बताउनेछ । तर, यतिसम्म भन्न सकिन्छ, कम्तीमा आगामी दुई वर्षसम्म राष्ट्रिय सभामा वामपन्थीहरूको राम्रै उपस्थिति देखिन्छ ।

एमाले र नेकपाका नेताहरूले अब प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल अनि राष्ट्रिय सभामा पहिलो दल बन्न सकिने मौकाको सदुपयोग गर्लान् ? तत्कालै यसको सम्भावना देखिएको छैन ।

**मिसन २०८४ को अर्को चुनौती**

स्थानीय सरकार र प्रदेश सभाको चुनाव २०८४ सालमा हुनेछ । त्यो चुनाव नहुन्जेल ती तहहरूमा वामपन्थीको उपस्थिति कायमै रहनेछ । तर, त्यसबेलासम्म सङ्घीय सरकारले प्रदेश र स्थानीय तहमा नीतिगत हस्तक्षेप बढाउँदै लैजाने सङ्केतहरू देखिइसकेका छन् ।

**जस्तो-** स्थानीय तह र प्रदेश तहले सामुदायिक एवं स्थानीय मिडियालाई दिंदै आएको विज्ञापन केन्द्र सरकारको एउटै सूचनाबाट रोकिएको छ । सिंहदरबारबाट यस प्रकारको ठाडो नीतिगत हस्तक्षेप र दबाब अब स्थानीय तहसम्म अझ बढ्दै जानेछ ।

**अर्को,** रास्वपाले प्रतिनिधिसभाको चुनावमा जुन प्रकारको लोकप्रिय मत पाएको छ, त्यसको राजनीतिक दबाब आगामी स्थानीय र प्रदेशको चुनावमा वाम-कांग्रेस जस्ता पुराना पार्टीहरूले राम्रैसँग बेहोर्नुपर्ने देखिन्छ ।

अझ, रास्वपाको वाचापत्र हेर्ने हो भने यसले स्थानीय तहको निर्दलीय चुनाव गर्ने बताएको छ। राजनीतिक दलका भ्रातृ सङ्गठन, शिक्षक सङ्गठन र कर्मचारी ट्रेड युनियनहरूमा समेत प्रतिबन्ध लगाइसकेको सरकारले अब स्थानीय चुनाव पनि निर्दलीय बनायो भने राजनीतिक पार्टीको अस्तित्व प्रदेश सभा र सिंहदरबारमा मात्र सीमित रहने निश्चित छ ।

रास्वपाले प्रदेश सभाको पनि पुनःसंरचना गर्ने बताइसकेको छ । चुनावअघि सार्वजनिक भएको वाचापत्रमा यसको विस्तृत खाका प्रस्तुत नगरिए पनि पार्टीका डकुमेन्टहरू हेर्दा उसले मुख्यमन्त्रीको निर्वाचन प्रत्यक्ष गर्ने र प्रदेश सभामा चाहिं पालिकाका प्रमुखहरू स्वतः सदस्य रहने किसिमको परिकल्पना गरेको देखिन्छ। आगामी दुई वर्षमा संविधान संशोधन गरेर त्यही मोडलमा जानुपर्ने स्थिति आयो भने प्रदेशमा ५५० सांसद चुनिने बाटो बन्द हुन गई राजनीतिक दलका 'होलटाइमर' नेताहरूले थप बेरोजगार बन्नुपर्ने अवस्था आउन सक्छ ।

यसरी प्रदेश र स्थानीय तहमा समेत रास्वपा नेतृत्वको सरकार र सत्तारुढ दलले दिन सक्ने नीतिगत एवं राजनीतिक दबाबबाट आफूहरूलाई कसरी जोगाउने ? मिसन २०८४ का बारेमा वामपन्थीहरूसँग के छ योजना ? यतातिर ओली, प्रचण्ड वा उनका सारथिहरूले सोच्नै भ्याएका छैनन् । आपसमा गाँड कोराकोर गर्दैमा र बालेन-रविमाथि सत्तोसराप गर्दैमा कम्युनिस्ट नेताहरूलाई भ्याई-नभ्याई छ । अन्त्यमा प्रार्थना गरौं- हे भगवान् नेपालका कम्युनिस्टहरूलाई सद्बुद्धि देऊ !

# चार वर्ष बित्दा पनि निष्प्रभावी...

गरेर प्रमाणको आधारमा मुद्दा अभियोजन गर्ने गरिएको उनको भनाइ छ ।

'त्यो विषय मलाई थाहा नै हुँदैन । सम्बन्धित व्यक्ति वा निकायले निवेदन दिएर आफ्नो उजुरी वा मुद्दाको अवस्था माग्यो भने खोजेर उपलब्ध गराउँछौं,' उनले भने । अख्तियारका एक अधिकारीले जनलोकपाल आयोगले प्राप्त उजुरी मात्रै पठाउने गरेको छ । 'जनलोकपालले केही उजुरी फरवार्ड गरेको छ । उसको भूमिका हुलाक जस्तो मात्र देखियो,' उनले भने । अख्तियारमा प्राप्त कुनै पनि अनियमितताजन्य फाइलको शून्यदेखि अनुसन्धान र छानबिन गर्ने गरिन्छ । 'कुनै निकायले अनुसन्धान गरेर पठाएकै आधारमा विशेष अदालतमा मुद्दा अभियोजन हुँदैन। त्यसको शून्यबाट अनुसन्धान हुन्छ, सबुत, प्रमाण संकलनसँगै बयान भएपछि मात्रै मुद्दा विशेष अदालतमा अभियोजन गरिन्छ,' ती अधिकारीले भने । अख्तियारका अर्का अधिकारी प्रदेश जनलोकपाल आयोग नै संघीय कानुनविपरीत रहेको जिकिर गर्छन्। 'जनलोकपाल आयोग नै संघीय कानुनविपरीत छ । अनियमितता र भ्रष्टाचारसँग सम्बन्धित विषयमा अनुसन्धान र कारबाही गर्ने अधिकार मात्र अख्तियारको छ,' उनले भने 'जनलोकपाल आयोगलाई प्रारम्भिक अनुसन्धान गर्ने अधिकारसमेत छैन । व्ययभार बढ्ने जसरी किन प्रदेश सरकारले यस्तो बेकामे कार्यालय बनाएको होला ।' प्रभावकारी काम हुन नसकेको आयोगमा पदाधिकारी तथा कर्मचारीहरूको तलब-भत्ता र सेवा-सुविधामा भने वर्षेनी एक करोड रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ । आर्थिक वर्ष २०८१/०८२ मा आयोगले एक करोड ३५ लाख ३३ हजार ६३४ रुपैयाँ बजेट खर्च गरेको प्रतिवेदनमा उल्लेख छ ।

**दुई सदस्यको राजीनामा**

उद्देश्यअनुरूप सुरुदेखि नै आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा आयोग नाम मात्रको बनेको छ। काम प्रभावहीन हुनुका साथै निष्क्रिय अवस्थाका कारण नैतिकताको आधारमा आयोगका दुई सदस्यले १४ महिनाअघि नै राजीनामा दिएका थिए ।

२०८१ पुसमा सदस्यद्वय राजकिशोर साह र शोभा महतोले पदबाट राजीनामा दिएका थिए । हाल आयोगमा अध्यक्ष रामसहायप्रसाद यादव मात्र कार्यरत छन् । उनको पूर्ण कार्यकाल आगामी साउनमा सकिँदै छ । आयोग स्थापना हुँदा शक्तिशाली निकायका रूपमा अनुभूति भए पनि पछि प्रभावहीन बन्दै गएको अनुभवका कारण नै आफूले राजीनामा दिएको पूर्वसदस्य शोभा महतोले बताइन् । 'सुरुमा शक्तिशाली संस्थामा आएको जस्तो महसुस भयो । तर पछि न आवश्यक कानुन बन्यो, न त सरकारले उचित जनशक्ति व्यवस्थापन गर्‍यो । कारबाही गर्ने अधिकार नै नभएकाले केही गर्न सकिएन,' महतोले भनिन्, 'म काम नै गर्न सक्दिनँ भने त्यहाँ बसेर के गर्ने ? त्यसैले नैतिकताको आधारमा राजीनामा दिएँ ।' उनका अनुसार आयोगका पत्रहरूलाई वडा तहसम्मका निकायले समेत बेवास्ता गर्ने अवस्था थियो । 'म त्यहाँ हुँदा मानिसले फरक दृष्टिले हेर्न थाले । अन्य निकायमा पनि काम गर्न सक्ने व्यक्ति हुँ, किन यहाँ बसिरहनु भन्ने लाग्यो,' उनले भनिन्, 'वडाध्यक्षसम्मले पनि टेर्दैनथे । 'जनलोकपाल आयोग के हो ?' भन्ने जस्तो व्यवहार गर्थे ।' मुख्यमन्त्री सतिश सिंहको पालामा जनलोकपाल आयोग खारेजीको कुरा चलेको थियो। तर अहिलेसम्म खारेज गरेको छैन ।

# श्रममन्त्री...

रास्वपा सभापति लामिछानेले प्रधानमन्त्री शाहसमक्ष आयोगको प्रतिवेदनसहित सिफारिस पेस गरेका थिए ।

सोही सिफारिस र आधारमा प्रधानमन्त्री शाहले श्रममन्त्री साहलाई पदमुक्त गरेको प्रधानमन्त्रीकी प्रेस विज्ञ दीपा दाहालले जानकारी दिइन् ।


## औरही सौर्य विद्युत आयोजना (५ मे.वा.) को संक्षिप्त वातावरणीय अध्ययन (BES) को सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

*(प्रकाशन मिति : २०८२/१२/२७)*

**मधेश प्रदेश, महोत्तरी जिल्लाको औरही नगरपालिका वडा नं १, औरही पुर्वारी चौरीमा सन लाइट रिन्यूएवल इनर्जी प्रा.लि.द्वारा प्रस्ताव गरिएको औरही सौर्य विद्युत आयोजना (५ मे.वा.) को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०८१/११/१३ को निर्णयानुसार मिति २०८२/११/१२ सम्म बहाल अवधि रहने गरी जारी भएको थियो भने हाल यसको बहाल अवधिको म्याद २०८३/११/१२ सम्म थप गरिएको छ । प्रस्तावित यस आयोजना करिब ५ हेक्टर निजी जग्गामा प्रस्ताव गरिएको छ र उक्त जग्गामा प्रति प्यानल ७२०/७२५ वाट (Wp) उत्पादन क्षमता भएको करिब ८२७६ वटा सोलार प्यानलहरु जडान गरेर ५ मेगावाट विद्युत उत्पादन गरिने छ र उत्पादित विद्युतलाई ३३ किलो भोल्ट क्षमताको करिब १.२ कि.मि. लामो विद्युत प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको औरही सवस्टेशनमा लगेर जोडिनेछ ।**

**सो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम यस औरही सौर्य विद्युत आयोजनाको संक्षिप्त वातावरणीय अध्ययनको मस्यौदा प्रतिवेदन माथि निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा स्थानिय बुद्धिजिवी, भद्रभलाद्मी लगायत विभिन्न संघ संस्थाहरुको प्रतिनिधीहरुको उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौं ।**

**सार्वजनिक सुनुवाई कार्यक्रम हने समय, स्थान र मिति :**

**मिति :** २०८३ वैशाख ७ गते, सोमबार
**समय :** बिहान ११:०० बजे
**स्थान :** श्री चिल्ड्रेन ग्लोरी पब्लिक एकडेमी
औरही नगरपालिका वडा नं १, औरहीबजार, महोत्तरी जिल्ला, मधेश प्रदेश

**आयोजक :**

| | |
|---|---|
| **प्रस्तावक :** सन लाइट रिन्यूएवल इनर्जी प्रा.लि. | **परामर्शदाता :** स्वान्सग्रिन इन्भारोमेन्ट सोलुसन्स प्रा.लि. |
| **ठेगाना :** धापाखेल, काठमाण्डौ | **ठेगाना :** कोटेश्वर, काठमाडौं |
| **सम्पर्क नं. :** ०१-५९२९१७३ /९८४३६३२७७२ | **सम्पर्क नम्बर :** ९८४९१७८३२१, ९८४३७५८५८८ |
| **इमेल :** energysunlightrenewable@gmail.com | **इमेल :** swansgreen011@gmail.com |




"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

## खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

**बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी** ☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# रुबीको काँधमा संसद् हाँक्ने जिम्मेवारी

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, चैत्र २६ गते ।*

धनुषाकी २६ वर्षीया रुबीकुमारी ठाकुर प्रतिनिधि सभाको उपसभामुख हुने पक्का भएको छ ।

हर्क साम्पाङ नेतृत्वको श्रमसंस्कृति पार्टीकी समानुपातिक सांसद उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीले पनि समर्थन गरेपछि उपसभामुख हुने निश्चित भएको हो ।

रुबीकुमारी ठाकुर सामान्य परिवारबाट अचानक राजनीतिमा उदाएकी युवती हुन् । बाल्यकालदेखि नै सामाजिक भेदभाव र पारिवारिक जिम्मेवारी सम्हाल्दै आएकी उनलाई श्रमसंस्कृतिले मधेशी जनजाति समूहबाट सांसद बनाएको हो ।

उनका बुवा साउदी अरबमा काम गर्दै आएका छन् । आमा गृहिणी हुन् । उनको परिवारको आम्दानी सीमित छ । त्यहीकारण उनले बालककालदेखि नै आत्मनिर्भर र जिम्मेवार बन्ने कोसिसमै संघर्ष गरिरहिन्।

उनले एसईई पास गरेपछि धनुषाके बलरा पोलिटेक्निकबाट ३ वर्ष डिप्लोमा पूरा गरी वास्तुकला कन्सल्टेन्सीमा ७ महिना काम गरिन् । उनले त्यहाँ महिनाको २० हजार कमाउँथिन् । कमाइको केही रकम उनले घर धान्न पठाउँथिन् ।



उनको राजनीतिक यात्रा आकस्मिक रुपमा अघि बढेको हो । सामाजिक सञ्जालमार्फत् हर्क साम्पाङका गतिविधि नियाल्दै समर्थन गर्थिन् । त्यहीँबाट रुबीकुमारीले राजनीतिकको ढोका खोलिन् ।

गत फाल्गुन २१ गतेको चुनावी अभियानका क्रममा उनले धनुषा-४ मा प्रचार गर्दै श्रमसंस्कृतिका लागि भोट मागिन् ।

हर्कले उनलाई मधेशी जनजाति क्लस्टरबाट समानुपातिक सांसदको उम्मेदवार बनाएका थिए । उनी पार्टीबाट कान्छी सांसदका रुपमा थिइन् । अब उनी अहिलेसम्मकै कान्छी उपसभामुख बन्दैछिन् ।

उनले सामाजिक न्याय, महिला सशक्तीकरण, दाइजो प्रथा र बालविवाह जस्ता विषयलाई प्राथमिकता दिएर आवाज उठाउँछिन् । उनले दाइजो प्रथा कानुनले निषेध गरे पनि व्यवहारमा यथावत रहेको बताइन् । उनले मधेशमा बालविवाह पूर्ण रूपमा नरोकिएको बताउँदै यी सामाजिक मुद्दा संसद्मा उठाउने बताएकी थिइन् ।

रुबीले शिक्षा र राजनीतिलाई एकसाथ लैजाने योजना बनाएकी छिन् । सिभिल इन्जिनियरिङ अध्ययनरत उनी ब्याचलर (बीई) पनि गर्ने योजनामा छिन् ।

देशकै कान्छी सांसद बनेकी उनी अब उपसभामुखको कुर्सीमा पुगेर अझै सामाजिक न्यायका लागि आवाज बन्न चाहन्छिन् । अब उनले सामाजिक कुरीति र अन्यायविरुद्ध संसद्बाट कानुन निर्माणमा आफूलाई निर्णायक बनाएर उभ्याउने पक्का भएको छ ।

प्रतिनिधिसभामा १८२ सिट रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले सघाउने भएपछि उनी उपसभामुखको कुर्सीमा पुग्ने पक्का भएको छ । उनको दलका पनि संसद्मा ७ जना सांसद रहेका छन् ।

# नगरपप्रमुखविरुद्ध पक्राउ पुर्जी जारी

**राष्ट्रिय समाचार समिति**

*गोलबजार, चैत्र २७ गते ।*

सिरहा नगरपालिकाका नगर प्रमुख डा. नवीनकुमार यादव विरुद्ध पक्राउ पुर्जी जारी भएको छ । नगरपालिकाका कार्यालय सहयोगीलाई कुटपिट गरेको घटनामा उनी विरुद्ध पक्राउ पुर्जी जारी भएको हो ।

नगरप्रमुख यादवले सोमबार बिहान ९ बजे हाजिरी गरिरहेको अवस्थामा कार्यालय सहयोगी ५० वर्षीय रामशरण यादवलाई गालीगलौज गर्दै लात्ती र मुक्काले कुटपिट गरेको आरोप छ । कुटपिटबाट उनको शरीरका विभिन्न भागमा चोट लागेको र हड्डीसमेत भाँचिएको जनाइएको छ ।

हाल उनलाई विराटनगरमा उपचार गराइरहेको पारिवारिक स्रोतले जनाएको छ । सोही घटनामा प्रमुख यादवमाथि अभद्र व्यवहार गरेको कसुरमा मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालय, सिरहाबाट पक्राउ पुर्जी जारी भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले जानकारी दिए ।

पक्राउ पुर्जी जारी भएसँगै यादवको खोजी सुरु गरिएको प्रहरीले जनाएको छ । सोही घटनामा संलग्न रहेका अर्का आरोपित नगरपालिकाका कर्मचारी रोहित मेस्तर भने पक्राउ परिसकेका छन् ।

# त्रिभुवन विमानस्थलमा "एईडी" मेसिन जडान

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, चैत्र २६ गते ।*

दक्षिण एसियाली स्वास्थ्य समुन्नति कार्यक्रम (हाप्सा) नेपालले मुटुको धड्कन अचानक बन्द हुने अवस्थामा मुटुको प्राथमिक उपचारका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'अटोमेटेड एक्स्टर्नल डफिब्रलेटर' मेसिन जडान गरेको छ ।

आपतकालिन् स्वास्थ्य सेवा सुदृढीकरणका लागि हाप्सा नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसँगको सहकार्यमा अन्तर्राष्ट्रिय प्रस्थान क्षेत्रमा बिहीवार उक्त मेसिन जडान गरेको हो । मुटुको धड्कन अचानक बन्द हुने अवस्थामा विद्युतीय झड्का दिएर उपचार गर्ने मेसिनलाई 'एईडी' मेसिन भनिन्छ ।

हाप्सा नेपालका संस्थापक डा. रामु खरेलले मुटुको धड्कन अचानक बन्द हुने अवस्था विश्वभर प्रमुख कारण रहेको बताए । उनले मुटुको धड्कन अचानक बन्द हुने अवस्था आएमा एईडी मेसिनमार्फत प्राथमिक उपचार गर्न सकिने भएकाले विमानस्थलमा उक्त मेसिन जडान गरिएको बताए ।

उक्त मेसिन तालिम प्राप्त व्यक्तिले मात्र नभई साधारण नागरिकले समेत प्रयोग गर्न सक्ने हाप्सा नेपालले जनाएको छ । विमानस्थलमा जडान गरिएको एईडी मेसिनमा स्पष्ट निर्देशनहरु र 'क्युआर' समावेश गरिएकाले आपतकालिन् अवस्थामा प्रयोग गर्ने तरिका भिडियोमार्फत तुरुन्त सिक्न सकिनेछ ।

हाप्सा नेपालले हालसम्म सशस्त्र प्रहरी बलका दुई हजारभन्दा बढी अधिकृत तथा जवानलाई आकस्मिक उपचार विधि (सिपिआर) तालिम, विद्यालयमा सिपिआर तालिम प्रदान गरिसकेको छ । यसैगरी, शिक्षा मन्त्रालयका पाठ्यक्रममा आकस्मिक उपचारसम्बन्धी कार्यक्रम समावेश गरिरहेको छ ।

# छिटो पाक्ने धान खोज्दै सरकार

**राष्ट्रिय समाचार समिति**

*धनुषा, चैत्र २६ गते ।*

धनुषाको हर्दिनाथस्थित राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले छोटो अवधिमा पाक्ने तथा उच्च उत्पादन दिने धानका विभिन्न जातको परीक्षण सुरु गरेको छ । 'कोपिया परियोजना' अन्तर्गत धनुषाको बटेश्वरमा किसानसँगको सहकार्यमा यो परीक्षण अघि बढाइएको हो ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) की वरिष्ठ वैज्ञानिक डा. पल्लवी सिंहका अनुसार जलवायु परिवर्तनका कारण खेती प्रणालीमा देखिएका चुनौतीलाई सम्बोधन गर्न छिटो पाक्ने र उत्पादन क्षमता बढी हुने धानका जातको खोजी तथा परीक्षण थालिएको हो । 'परीक्षण सफल भए उत्पादन वृद्धि मात्र होइन, समयमै बाली भित्र्याउन सकिने भएकाले किसानलाई प्रत्यक्ष लाभ पुग्छ', उनले भनिन् ।

उनका अनुसार किसानको अनुभवलाई अनुसन्धानसँग जोड्न बटेश्वरमा प्रत्यक्ष खेतमै धानका बिरुवा रोपिएको छ । परीक्षणमा सहभागी किसानले आफ्नै खेतमा विभिन्न जातका धान रोपेर तिनको वृद्धि, उत्पादन क्षमता तथा रोगप्रतिरोधी अवस्थाको अवलोकन गरिरहेका छन् । किसानका अनुभव, आवश्यकता र प्राथमिकताका आधारमा उपयुक्त जात छनोट गरिने व्यवस्था गरिएको छ ।

अनुसन्धान कार्यक्रम हर्दिनाथका सूचना अधिकारी तथा वरिष्ठ प्राविधिक रवेन्द्रप्रसाद साहले हालसम्म छोटो अवधिमा उत्पादन दिने धानमध्ये 'हर्दिनाथ-१' प्रमुख जात रहेको जानकारी दिए । साहले हार्दिनाथ-१ जातको धान करिब १०५ दिनमै पाक्ने बताए । 'यसभन्दा कम अवधिमा तयार हुने धानको पहिचान गर्ने लक्ष्यका साथ परीक्षण अघि बढाइएको हो', उनले भने ।

अनुसन्धान केन्द्रको परिसरका साथै चयन गरिएका किसानको खेतमा समेत विभिन्न धानका जात रोपेर परीक्षण भइरहेको छ । यसले प्रयोगशालामा सीमित अनुसन्धानलाई खेतसम्म विस्तार गर्दै किसानको व्यावहारिक अनुभवलाई अनुसन्धान प्रक्रियामा समेट्ने काम गर्ने विश्वास गरिएको सूचना अधिकारी साहको भनाइ छ । स्थानीय हावापानी अनुकूल, कम पानीमै उत्पादन दिन सक्ने तथा जलवायु परिवर्तनसँग अनुकूलित धानका जात पहिचान गर्न यस परीक्षणले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

साथै, विशेषगरी चैते धानको उत्पादन वृद्धि गर्न जोड दिइएको उल्लेख गर्दै सूचना अधिकारी साहले यसले वर्षभरि धान उत्पादन प्रणाली सुदृढ बनाउने, खाद्य सुरक्षामा टेवा पुऱ्याउने तथा किसानको आम्दानी बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# बसको ठक्करबाट युवतीको मृत्यु

**राष्ट्रिय समाचार समिति**

*चितवन, चैत्र २६ गते ।*

माडी नगरपालिकामा एक युवतीको दुर्घटनाबाट मृत्यु भएको छ । मृत्यु हुनेमा माडी नगरपालिका-८ खरकट्टाकी १८ वर्षीया प्रिति परियार रहेकी छिन् ।

भरतपुरबाट माडी-ठोरीतर्फ जाँदै गरेको बागमती प्रदेश ०६-००१ ख ०२०४ नम्बरको बसले पैदलयात्री परियारलाई घर नजिकै ठक्कर दिएको थियो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार ठक्करबाट परियारको घटनास्थलमै ज्यान गएको हो ।

परियारलाई ठक्कर दिने बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि
९८४४०३७१९८, ९८१४८३५५४२, ९८१२०४८५६६, ९८६८८२१२९८

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री